फोन नं.: ०६७-४३०१०२, १०३, १०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**खानीगाउँ, पर्वत**

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८१/८२
च.नं.: १३६६

मिति : २०८१।१२।१४

**विषय : तेस्रो मेयर कप खेलकुद सम्बन्धमा ।**

**फलेवास नगरपालिका स्थित सम्पूर्ण वडा कार्यालयहरु ।**

फलेवास नगर कार्यपालिकाको मिति २०८१ फागुन २८ गतेको निर्णयानुसार चालु आ. व. २०८१/०८२ को तेस्रो मेयर कप खेलकुद प्रतियोगिता तपसिल बमोजिमको मिति, स्थान र समयमा सञ्चालन हुने भएकोले उक्त प्रतियोगितामा सक्रिय सहभागिताको लागि अनुरोध छ ।

**तपसिल :**

मिति : २०८१।१२।२४ देखि २०८१।१२।२६ सम्म

स्थान: ठानामौला खेलमैदान, फलेवास नगरपालिका -८, पोखराधारा ।

समय : विहान ७ वजेदेखि वेलुका ५ वजेसम्म ।

**तेस्रो मेयर कप खेलकुद प्रतियोगितामा समावेश हुने खेलहरु :**

**१. पुरुष भलिबल,**

**२. पुरुष फुटबल ।**

**मेयर कप खेलकुद प्रतियोगिता सम्बन्धी नियमहरु :**

१. प्रतियोगितामा सम्बन्धित वडाका खेलाडी मात्र वैध मानिनेछ । सम्बन्धित वडाको भए नभएको यकिन खेलाडीको व्यक्तिगत परिचय खुल्ने कागजात (जन्मदर्ता, नागरिकता, राष्ट्रिय परिचय पत्र) वाट गरिनेछ । सम्वन्धीत खेलाडीको नागरिकतामा अन्य ठेगाना देखिएको हकमा बसाइसराईं गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत उपलब्ध गराउनु पर्ने छ । खेलाडीले आफ्नो परिचय खुल्ने कागजात खेल अवधिभर ओयोजकले मागेमा उपलब्ध गराउनु पर्नेछ ।

२. वडा कार्यालयले यसैसँग संलग्न फाराम खेलाडीहरुलाई भराई वडा अध्यक्षले फोटोमा समेत प्रमाणित गरी २०८१।१२।२१ गते वेलुका ५ वजेसम्म फलेवास नगर कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दर्ता गराई सक्नुपर्नेछ ।

३. नगर कार्यपालिकाको कार्यालयमा शिक्षा, युवा तथा खेलकुद विकास शाखाले गोलाप्रथाबाट खेलको टाइसेट २०८१ फागुन २१ गते तयार गरिनेछ । खेलको टाइसेट बनाउन गोलाप्रथाको प्रक्रिया फलेवास नगरपालिकाको फेसवुक पेजबाट प्रत्यक्ष प्रसारण गरिने छ । सो अनुसार तयार भएको टाईसेटको जानकारी फलेवास नगरपालिकाको वेबसाइटमा प्रकाशन गरिनेछ ।

कृष्ण प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०६७-४३०१०२, १०३, १०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

प.सं.: ०८१/८२
च.नं.:

४. भलिबल खेलमा ९ जना र फुटबल खेलमा १० जना खेलाडी सहभागी हुन पाइने छ । प्रत्येक टिममा टिमकोच १/१ जना सहभागी हुन पाइने छ ।

५. एक जना खेलाडीले भलिवल र फुटवल मध्ये कुनै एक खेलमा मात्र सहभागी हुन पाईने छ ।

६. खेल शुरु हुनभन्दा ४५ मिनेट अगाडी नै खेलाडीहरु खेल स्थलमा आइपुग्नुपर्नेछ ।

७. खेलाडी खेल खेल्ने समयमा पोसाक लगाएर मात्र खेल मैदानमा प्रवेश गर्न पाउने छन् ।

८. सम्पूर्ण खेलाडीहरु मार्चपासमा अनिवार्य सहभागी हुनुपर्ने छ । मार्चपासमा वडागत व्यानर र राष्ट्रिय झण्डासहित पोसाकमा उपस्थित हुनुपर्नेछ । मार्चपासमा प्रथम हुने वडालाई नगद रु ५००० पुरस्कार प्रदान गरिनेछ ।

९. खेलमा सहभागी हुने खेलाडीहरुको जर्सी नगरपालिकाबाट नै व्यवस्था गरिनेछ ।

१०. खेलाडी परिवर्तन गर्नु परेमा २४ घण्टा अगाडी टिम कोच र वडाध्यक्षले लिखित रुपमा आयोजक समिति समक्ष निवेदन दिनु पर्नेछ ।

११. भलिवल खेल नक आउट र टि.टि. सिस्टममा खेलाइनेछ । फुटवल खेल सेभेन ए साइड नक आउट सिष्टममा खेलाइनेछ ।

१२. मेयर कप प्रतियोगितामा प्रथम, द्बितीय र तृतीय हुने वडालाई नगद पुरस्कार स्वरुप क्रमशः रु. ३०,०००।-, २०,०००।- र १०,०००।- का साथै खेलाडीहरुलाई प्रमाणपत्र र मेडल उपलब्ध गराइनेछ ।

१३. अंक गणना गर्दा प्रत्येक खेलको स्वर्ण , रजत  र कास्य को पदक गणना गरिनेछ ।

१४. दुवै खेलको पदकको योगफल वरावर भएमा मात्र स्कोर को आधारमा नतिजा छुट्याइने छ ।

१५. मेयर कपमा सबैभन्दा प्रथम हुने वडालाई **मेयर कप** प्रदान गरिनेछ ।

१६. खेलाडीको विविध पक्षमाथि उजुरी गर्नु परेमा सम्बन्धित खेलमा भाग लिएर पदक प्राप्त गरेको समय समेत उल्लेख गरी ३० मिनेट भित्रमा नगद रु .३०००।- सहित आयोजक समक्ष प्रोटेष्ट गर्न सक्नेछ । आयोजकको छानविनवाट दोषी ठहरिएमा उक्त खेलाडीको पदक खोसिने र निकटतम् प्रतिद्वन्द्वीलाई उक्त पदक प्रदान गरिनेछ । तर पुष्टी हुन नसके धरौटी जफत  हुनेछ ।

१७. कुनै वडाबाट फर्जी खेलाडी सिफारिस भई आएको प्रमाणित हुन आएमा आगामी दुई बर्षसम्मको मेयर कप प्रतियोगितामा समावेश गराइने छैन ।

कृष्ण प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०६७-४२०१०२, १०३, १०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८१/८२
च.नं.:

## मेयर कप अन्तर्गतका खेलको लागि सहभागीले भर्ने फाराम

फोटो

१. सहभागीको नाम : ........................................

२. ठेगाना : फलेवास नगरपालिका वडा नं. ........................................

३. जन्ममिति : ........................................

४. नागरिकता नं. : ............................ जारी मिति :...............................

४. सहभागी हुने खेल : ........................................

७. बाबु तथा आमाको नाम : ........................................

८. हस्ताक्षर : ........................................

९. फोन नं. : ........................................

१०. सहभागी खेलाडीले खेल्ने खेल :- भलिवल ( ) फुटवल ( )

निवेदकको हस्ताक्षर : ....................................

माथि उल्लेखित व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने

वडा अध्यक्षको हस्ताक्षर : ........................................

वडा कार्यालयको छाप :